# स्वास्थ्य तथा सरसफाई नीति २०७७

चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख

# चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेख
# स्वास्थ्य तथा सरसफाई नीति-२०७७

## १. पृष्ठभूमि

नेपालको संविधानले निशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेखको सबै नागरिकलाई नेपालको संविधान-२०७२ अनुरुप स्वास्थ्य पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा गुणस्तरीय आधारभुत स्वास्थ्य सेवाको प्रवाह गर्नु चामुण्डाविन्द्रासैनी नगरपालिकाको दायित्व हो । यस नगरपालिकाभित्र नवजात शिशु तथा मातृ स्वास्थ्यमा सुधार गर्दै शिशु र मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, यस नगरपालिकामा विद्यमान सर्ने तथा नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खासगरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदाय, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, पाँच वर्षमुनिका बालबालिका, किशोरकिशोरीलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य, पोषण तथा सरसफाई सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन चामुण्डाविन्द्रासैनी नगरपालिकाले दायित्व बोध गरेको छ । चामुण्डाविन्द्रासैनी नगरपालिकाका विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू, सिमान्तकृत र अति विपन्न वर्ग, दुरदराजका नागरीकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन् । स्वास्थ्य सेवाको पहुँच, गुणस्तरीयता, स्विकार्यता, उपलब्धतालाई सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई चामुण्डाविन्द्रासैनी नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नगरबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापना गर्न नगरपालिका भित्रका स्वास्थ्य, पोषण र खानेपानी तथा सरसफाई सम्वन्धि आवस्यकता र विद्यमान अवस्थाका आधारमा चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेखको स्वास्थ्य नीति-२०७७ तयार गरिएको छ ।

## २. समिक्षा

### क) विगतमा गरिएका प्रयासहरु

राष्ट्रिय नीतिहरुका आधारमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन् यद्धेपी हालका स्वास्थ्य सुचकहरु सन्तुष्ट हुने अवस्था छैन् । दुर्गम क्षेत्रका गरिब, लक्षित उमेर समुहका शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभुत स्वास्थ्य सेवा नि:शुल्क प्रदान गरिदै आएको छ । वि.सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीति घोषणा पश्चात आधारभूत स्वास्थ्यमा सबैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वाथ्य चौकीहरु स्थापना गर्ने रणनीति अनुरुप वि.स २०७४ मा चामुण्डाविन्द्रासैनी नगरपालिका स्थापना हुनु भन्दा अगाडी अर्थात वि.स २०५४ मा साबिकको लयाँटीविन्द्रासैनी र जम्बुकाँध गाविसहरुमा स्वास्थ्य चौकी स्थापना गरिएको थियो र ती गाविसहरु मिलेर चामुण्डाविन्द्रासैनी नगरपालिका निर्माण भए पश्चात सबै स्वास्थ्य संस्थाहरु यसै नगरपालिकाको मातहतमा सञ्चालन हुँदै आएका छन् ।

वि.स. २०६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै नि:शुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप

नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी नगरबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान-२०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुंच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज-२०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारी कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारी पूरा गर्न नगरपालिका अर्न्तगत स्वास्थ्य तथा सरसफाई शाखाको स्थापना गरिएको छ भने नगरपालिका मातहतका स्वास्थ्य चौकीहरु नगरपालिकामा हस्तान्तरण भएका छन् । साथै नेपालको संविधान-२०७२ ले व्यवस्था गरेको संघिय सरचना अन्तर्गत हरेक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य नीति-२०७१ र २०७६ को लक्ष्य अनुरुप यस नगरपालिकाका सबै वडामा आधारभूत स्वास्थ्य इकाई र शहरी स्वास्थ्य केन्द्र स्थापना गरी हरेक वडामा स्वास्थ्य संस्था विस्तार भएको छ । हाल यस नगरपालिकामा ३ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र ६ वटा शहरी स्वास्थ्य केन्द्र गरी कुलः १५ वटा स्वास्थ्य संस्थाहरु सञ्चालित छन् । यस नगरपालिकाले नागरिकहरुको गुणस्तरीय तथा विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्नको लागी सामुदायिक अस्पताल निर्माणाधिन अवस्थामा छ भने स्वास्थ्य सेवामा समतामुलक पहुंच सुनिश्चित गर्नको लागी सम्पुर्ण स्वास्थ्य संस्थाहरु मार्फत घरदैलो स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

चामुण्डाविन्द्रासैनी नगरपालिकाले स्वास्थ्य क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरी प्रभावकारी कार्यान्वयन गरेर कार्यहरु सम्पन्न गरिसकेको छ । चामुण्डाविन्द्रासैनी नगरपालिकाले आधारभुत स्वास्थ्य सेवाको पहुंच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धीहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आवश्यक धरातल र वैधानिकता प्रदान गर्नका लागि नगरपालिकाको स्वास्थ्यको वस्तुस्थिति झल्कने गरी स्वास्थ्य प्रोफाईल तथा वार्षिक प्रतिवेदन तयार गरेको छ ।

### ख. विद्यमान स्थिती

दैलेख जिल्लाको आ.व २०७६/७७ को कुलः अनुमानित २,९६,१४७ जनसंख्याको करिब ९.९३ प्रतिशत अर्थात कुल २९३९५ (आ.व २०७६/७७) अनुसार जनसंख्या बसोबास गर्ने यस नगरपालिकाको कुलः क्षेत्रफल ९०.६ वर्ग कि.मी र जनघनत्व प्रति वर्ग कि.मी ३२६ रहेको छ जुन प्रादेशिक (६३.४ प्रति वर्ग कि.मी) भन्दा बढी हो । आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न यस नगरपालिकाको मातहतमा ३ स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र ६ वटा शहरी स्वास्थ्य केन्द्र, १५ वटा गाँउघर क्लिनिक र १७ वटा खोप क्लिनिक सञ्चालित छन् भने ६२ जना सामुदायीक महिला स्वास्थ्य स्वयमसेविकाहरु सेवारत छन् । आयुर्वेद तर्फको स्वास्थ्य सेवा प्रवाह गर्न कुनै पनि स्वास्थ्य संस्था रहेको छैन ।

नगरपालिका अर्न्तगतका ३ वटै स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार योजनाका साधन तथा प्रसुती सेवा उपलब्ध छ । यस्तै बिभिन्न किसिमका निजी स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवा प्रदान गर्दै आएको भएता पनि सुचिकृत निजी स्वास्थ्य संस्थाहरु कुनै पनि रहेका छैनन् । आ.व. २०७६/७७ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्यांक अनुसार यस नगरपालिकामा ७,६८० जना बिरामीले बहिरंग सेवा लिएका मध्ये ४,७८० अर्थात ६२ प्रतिशत महिलाहरु रहेका छन् । यस नगरपालिकाका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ३९ जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरुद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । स्वास्थ्यकर्मी र जनसंख्याको अनुपात हेर्दा २४१७ जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा त्यति नै जनसंख्यालाई १ जना नर्सले स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने हुन आउँछ ।

यस नगरपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवती हुने संख्या उच्च रहेको छ जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडी जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धि समस्याहरु रहेका छन् । बिगत केहि बर्षदेखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि हुन नसक्नुमा दक्ष प्रसुतीकर्मीको अभाव, पूर्वाधारको कमी, सामाजिक र साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेख्य बृद्धि हुन सकेको छैन । यस नगरपालिकामा ४४.८ प्रतिशत बालबालिकाले पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | चामुण्डाविन्द्रासैनी नगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | ८५.८३ | ७३ | ६४.९८ | ९९.९९ | ८६.८१ | ९० | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ४९.४१ | ५७.२५ | ६२.१ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | ४१ | ३५.४४ | ४६.१९ | ३८.१९ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | १२.७९ | २०.१८ | ७.२३ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९.४ | ८४.३ | ८१ | ८७.७ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ७९.५ | ८६.२ | ४४.८ | १०० | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | ३६ | ५५ | ४.१ | ४.९ | १२.३ | १ | |

भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक विविधतायुक्त यस नगरपालिकाकामा विभिन्न रोगहरुवाट संक्रमितहरुको संख्या उल्लेख्य देखिन्छ । यस नगरपालिकाको स्वास्थ्य कार्यक्रमको बार्षिक प्रतिवेदन २०७५/७६ का अनुसार प्रति एक लाख जनसंख्यामा ६१ जना नयाँ क्षयरोगी बिरामी पत्ता लागेको दर राष्टियस्तरको १०९ जना भन्दा कम रहेको छ । यस नगरपालिकामा कुष्ठरोगको प्रकोपदर हालको वर्ष ०.३४ रहेको छ भने कुनै पनि व्यक्ति एच.आई.भी./एडसवाट संक्रमित छैनन् ।

विगत वि.स २०७६ को पौष महिनादेखि विश्वलाई नै आक्रान्त पार्दै आएको कोभिड १९ को कारण यस नगरपालिकाको स्वास्थ्य सेवामा प्रत्यक्ष एवम् व्यापक रुपमा असर परेको छ । यसले गर्दा नियमित स्वास्थ्य सेवा प्रभावित भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा चुनौती खडा भएको छ भने कोभिड १९ को संक्रमणवाट सम्पूर्ण नगरबासीहरुको स्वास्थ्यको रक्षा गर्नु अर्को चुनौती भएको छ ।

पछिल्लो समयमा आरामदायी जीवन शैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक बिषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धि रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्दो छ । नगरपालिका मातहतमा रहेका बिभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार, उपकरण, औषधि र अन्य सामाग्रीहरुको आपूर्ति हुन आवश्यक छ । एकिकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुसँग हातेमालो गर्नु जरुरी छ ।

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कको अनुपातमा नगरपालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा बृद्धि गरी जनअपेक्षा अनुसार गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यकतामा आधारित थप कार्य गर्न जरुरी रहेको छ ।

## ३. बिद्यमान स्वास्थ्य समस्या चुनौती र अवसर

### ३.१. समस्या

स्वास्थ्य क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको भएतापनि चामुण्डाविन्द्रासैनी नगरपालिकाले सम्बोधन गर्नुपर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन । संविधानको भावना अनुसार स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुऱ्याउन नसक्नु, स्वास्थ्य सेवा प्रवाहलाई जनभावना अनुरुप गुणस्तरीय बनाउन नसक्नु, स्वास्थ्यकर्मीहरुको वृति विकासका साथै उत्प्रेरणा र प्रवृतिमा कमी, प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथा प्रयोग कम हुनु, निजी क्षेत्रको सूचना एकिकृत पद्यती नहुनु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रयाप्त सूचना नहुनु, भण्डारण तथा वितरणको उपयुक्त व्यवस्था नहुनु, अत्यावश्यक तथा निःशुल्क औषधिको अविछिन्न उपलब्धता र सहज पहुँचका लागि प्रर्याप्त वजेट र लगानी नपुग्नु, स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षण आदि प्रभावकारी रुपमा पालना नगरीनु, जनप्रतिनिधि र स्वास्थ्यकर्मी बिचको वुझाईमा भिन्नता र अस्पष्टता रहनु तथा निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन कठीनाई हुनु जस्ता समस्याहरु बिद्यमान रहेका छन् । वातावरणीय प्रभावले मानवीय स्वास्थ्यमा पार्ने समस्याहरुको उचित व्यवस्थापन गर्न नसक्नु, सडक दुर्घटना, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यव्स्थापन गर्न नसक्नु साथै स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरुको आशातित प्रतिफल प्राप्त नहुनु आदी प्रमुख समस्याहरु रहेका छन ।

### ३.२. समस्या तथा चुनौती

#### ३.२.१ समस्याहरु

- नगरपालिकाभित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसावले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच समान किसिमले पुग्न सकेको छैन ।

- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद रुपमा काम गर्ने वातावरण सृजना हुन सकेको छैन ।
- भौगोलिक विकटता, औषधी भण्डारण व्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधीको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन ।
- नगरपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरु बढ्दै गएको अवस्था छ ।
- नगरपालिकाभित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महंगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै गम्भिर आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा बसी मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।
- समयमै सेवा प्राप्त गर्नुपर्ने कुराको महत्वबारे जनचेतनाको कमी, परिवारभित्र सेवा प्राप्त गर्न चाहने महिलाको निर्णयक क्षमता कम, हानीकारक मूल्यमान्यता, विशेषज्ञ प्रेषण सेवा (Secondary or Tertiary level Care) आवश्यक परेमा त्यसबापत आवश्यक पर्ने रकम जुटाउनु धैरैका लागि चुनौतिपूर्णभएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन् ।
- नगरपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाईको समस्या रहेको छ जसका कारणले गर्दा बेलाबखत झाडापखाला, हैजा, ज्वरो, टाईफाईड, दादुरा, रुबेला, डेंगु जस्ता रोगहरुको महामारी बेलाबेला फैलिने गरेको छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिनाइको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । अझै पनि यस नगरपालिकाका अधिकांश महिलाहरु घरैमा सुत्केरी हुने र किशोरावस्थामै बच्चा जन्माउने गरेको पाईएको छ । यसैगरी यस नगरपालिकामा मातृ तथा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाहरुको मृत्युदर तुलनात्मक रुपमा उच्च रहेको छ ।
- नगरपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको उपयुक्त व्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोरकिशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रर्वधनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरु जस्तै पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्वजनिक सुनुवाई र नागरिकका गुनासाहरु सुन्ने तौरतरिका आदिको उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले गर्दा आर्थिक अनियमितता, बेरुजु र जनतामा सार्वजनिक गुणस्तरीय स्वास्थ्य सेवाप्रतिको असन्तुष्टी अझै कायम छ ।

### ३.२.२ चुनौतीहरु

- ○ आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच वृद्धि गर्न तथा मातृ र बाल मृत्युदर घटाउने कार्य नगरपालिकाको परिवेशमा चुनौनिपूर्ण रहेको छ ।
- ○ परम्परागत धामीझाँक्रीप्रति नागरिकहरुमा अझैसम्म रहेको विश्वास र अभ्यासले गर्दा आधुनिक चिकित्सा पद्दतीप्रति जनतामा खास गरेर दुर्गम क्षेत्रका नागरिकहरुमा विश्वास जगाउनु पर्ने चुनौती छ ।
- ○ प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुर्याउन र सेवाको पहुँच कम भएका क्षेत्रहरुमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- ○ दुर्गम क्षेत्रका नागरिकलाई सुलभ मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- ○ भौगोलिक विकटता, शिक्षा र चेतनाको न्यून स्तर, सडक, बिजुली, टेलिफोन, शुद्ध तथा सुरक्षित खानेपानीको अपर्याप्तता जस्ता बाधा अड्चनहरुले आधारभुत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतिपूर्ण अवस्था सृजना भएको छ ।

### ३.३. अवसर

- ○ नगरपालिका भित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा व्यवहारिक र समस्या समाधानार्थ नीति तथा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- ○ नगरपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।
- ○ राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत पहिचान, परिचालन र अनुगमन गर्ने ।
- ○ स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि गरी एकिकृत सुचना प्रणालीलाई सुदृढीकरण गर्ने ।

## ४. नगरपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ४.१. औचित्य

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हासिल गरेका उपलब्धिहरुलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरुप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरुप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । नगरपालिकाको प्राथमिकता अनुकुल हुने गरी गुणस्तरीय स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि नगरपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ । स्वास्थ्य क्षेत्रले विगतमा केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै समता मुलक सवास्थ्य सेवा सुनिश्चित गरी हालका समस्या तथा चुनौतिहरूको सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ भने चामुण्डाविन्द्रासैनी नगरपालिकाको सामाजिक,आर्थिक परिस्थिति एवं संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारसँग सामिप्यता राख्ने गरी मार्ग निर्देशन गर्न यो नीतिको तर्जुमा अपरिहार्य रहेको छ। नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई सम्बोधन गर्नका लागि एवं नेपालले सहस्राब्दी विकासका लक्षहरुमा प्राप्त सफलतालाई कायम राख्दै दिगो विकासको लक्ष हासिल गर्नका लागि समेत यो नीति अपरिहार्य छ । त्यसैगरि स्वास्थ्य क्षेत्रमा व्याप्त असममानता, असमावेशीता, भेदभाव उन्मूलन गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गर्न, स्वास्थ्य सेवा, पहुँचयोग्य, उपलब्धता, सर्वस्वीकार्य र गुणस्तरीय बनाउन यो नीति आवश्यक रहेको छ ।

### ४.२. निर्देशक सिद्धान्त

नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मुल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । सविधानको निर्देशक सिद्धान्त अर्न्तगत सारभूत समानता, अविभेदको सिद्धान्त, समावेशीता, सकारात्मक विभेदलाई विभेद नमानिने सिद्धान्त, विशेष व्यवस्था लगायतको सिद्धान्त, समतामूलक अवधारणा, कोहि एक पनि नछुटुन ( Leave no one Behind) भन्ने अवधारणालाई पनि आत्मसात गरिएको छ । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नीति-२०७७ को कार्यान्वयन गरिनेछ ।

- आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मुल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरीएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नीति-२०७७ को कार्यान्वयन गरिनेछ ।

- नगरपालिकाका नागरिकहरुलाई मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- चामुण्डाविन्द्रासैनी नगरपालिकाकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धि सुचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टी वृद्धि गर्ने ।
- नगरपालिकाद्धारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सिमान्तकृत र जाखिममा रहेका वर्ग र समुदायको पहँच सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टी वृद्धि गर्ने ।
- नगरपालिकाद्धारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका वर्ग र समुदायको पहुँच सुनिश्चित गर्न समतामुलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- नगरपालिकाका नागरिकको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुनस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरु चामुण्डाविन्द्रासैनी नगरपालिकाका अन्य नीतिहरुमा पनि समावेश गराउदै लाने ।
- नागरिकले सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा उचित मुल्यमा प्राप्त गर्ने गरी चामुण्डाविन्द्रासैनी नगरपालिका भित्र निजी क्षेत्रको सहभागीता बढाउने ।
- नगरपालिकाको मौलिक र परम्परागत रुपमा रहेको आयुर्वेद, आम्ची लगायतका स्वास्थ्य पद्धतीको संरक्षण र प्रर्वद्धन गर्नका साथै चामुण्डाविन्द्रासैनी नगरपालिका भित्र पाईने औषधिजन्य जडीबुटीको खोज अनुसन्धान संरक्षण, प्रशोधन र प्रर्वधन गर्ने ।
- आन्तरीक तथा बाहय निकायहरुबाट प्राप्त साधन, स्रोतहरुलाई यो नीति र यस अर्न्तगत बनेका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्यवन गर्ने गरी परिचालन गर्ने ।
- सरकारी, नीजि तथा गैह्रसरकारी क्षेत्रबाट उपलब्ध गराईने सम्पुर्ण स्वास्थ्य सेवाहरुको प्रभावकारी अनुगमन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा समानान्तर जवाफदेहीताको सिद्धान्तलाई आत्मसात गरी स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरीकहरुको सहभागीता बढाउने ।

सुर्य बहादुर कार्की
नगर प्रमुख

○ नगरपालिका भित्रको स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउन संघीय र स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्ने ।

**४.३. भावी सोच**

चामुण्डाविन्द्रासैनी नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने छन् ।

**४.४. ध्येय**

संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकार र समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

**४.५. लक्ष्य**

संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

**४.६. उद्देश्यहरू**

१. नगरबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नहुने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३.स्वस्थ जीवनशैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।

४.प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।

५. स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

६. स्वास्थ्य सेवालाई समतामूलक, विभेदरहित र समावेशी बनाउने

**५. नीतिहरु**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्वन गरिएको छ ।

५.१. सर्वब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

५.२. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईनेछ ।

५.३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको विकास र बिस्तार गरीनेछ ।

५.४. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

५.५ सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ।

५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ।

५.७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ।

५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

५.९ स्वस्थ र सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ।

५.१० स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक व्यवस्था गरिनेछ।

५.११ आयूर्वेद तथा बैकल्पीक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयमत्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ।

५.१२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहन, प्रवर्द्धन र व्यवस्थापन गरी नगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।

५.१३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुन:स्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक दृष्टिकोणले पछाडी परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ।

५.१५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ।

५.१६ स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ।

५.१७ बिभिन्न सरुवा रोग, किटजन्य रोग एव पशुपन्छीजन्य रोग र निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ।

५.१८ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहन र नियन्त्रण तथा स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन गरिनेछ।

५.१९ नगरपालिकाद्धारा सञ्चालित असल आमा प्रोत्साहन कार्यकम र गर्भवतीसँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५.२० लयाँटीविन्द्रासैनी स्वास्थ्य चौकिको स्तरोन्नती गरी ५ शैया हुँदै १५ शैयाको अस्पतालको रुपमा विकास गरिनेछ।

५.२१ विपन्न असहाय नगरवासीहरुको स्वास्थ्य उपचारमा सहयोग गर्ने उदेश्यले नगरप्रमुख सहायता कोष स्थापना गरी सञ्चालन गरिनेछ।

५.२२ चामुण्डाबिन्दैासैनी नगरपालिका, दैलेखको नगरवासीहरुको गुणस्तरीय पोषण सेवालाई प्रवर्धन गर्न र स्वास्थ्य तथा पोषणका सुचकहरुमा सुधार ल्याउन पालिका पोषण रणनिती निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५.२३ बालबालिका, गर्भवती र सुत्केरी आमाहरुको पोषण अवस्थामा सुधार ल्याउन पोषिलो खाना वितरणका लागि आवश्यकताको आधारमा कार्यक्रम र बजेट तर्जुमा गरी बर्षैनी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५.२४ नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री र किशोरकिशोरीमैत्री घोषणा अभियान सञ्चालन गरिनेछ ।

**प्रमुख रणनीतिहरु**

**नीति : १ सर्वव्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।**

- राष्ट्रिय मापदण्ड बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु नगरपालिकाका सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- भुगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।
- नगरपालिकाका स्वास्थ्य संस्थाहरुलाई बाल, अपांग तथा जेष्ठ नागरिकमैत्री संस्थाको रुपमा विकास गरिने छ ।
- संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।
- तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ ।
- समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरु परिचालन गरीनेछ ।

**नीति : २ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।**

- स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग समानञ्जस्यता हुने गरी स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीने छ ।
- सामाजिक लेखाजोखा, नागरीक बडापत्र, सार्बजनिक सुनुवाई र बिज्ञहरु सहितका जिम्मेवार संयन्त्रको व्यबस्था साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गरीनेछ ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरी सशक्त एवं जिम्बेवार बनाइ सेवा सुदृढ गरिनेछ ।
- चामुण्डाबिन्दौसैनी नगरपालिका, दैलेखको नगरवासीहरुको गुणस्तरीय पोषण सेवालाई प्रवर्धन गर्न र स्वास्थ्य तथा पोषणका सुचकहरुमा सुधार ल्याउन पालिका पोषण रणनिती निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बालबालिका, गर्भवती र सुत्केरी आमाहरुको पोषण अवस्थामा सुधार ल्याउन पोषिलो खाना वितरणका लागि आवश्यकताको आधारमा कार्यक्रम र बजेट तर्जुमा गरी बर्षैनी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा अभियान सञ्चालन गरिनेछ ।
- गैर सरकारी संघ संस्था, दातृ निकायहरु तथा नीजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि नगरपालिकाको मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीने छ ।

**नीति : ३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ ।**

- प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ ।
- स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई, बिजुली, ईन्टरनेट सेवा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चितताको लागि नगरपालिका स्तरमा आवश्यक अनुगमन तथा मूल्याकंन संयन्त्रको व्यवस्था गरीनेछ ।

**नीति : ४. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

- नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।
- नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने औषधी उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट नि:शुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधीजन्य सामाग्रीहरु नगरपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

**नीति : ५ सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ ।**

- नगरपालिकाभित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाको दर्ता तथा सञ्चालन अनुमति दिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति : ६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्रसंग साझेदारी गरिनेछ ।**

- नगरपालिकाको कुल: बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।

- संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी नगरबासीको स्वास्थ्य बीमा सुनिश्चित गरीनेछ । अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार नि:शुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।
- निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमश: सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।
- निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलत: जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वाताबरणको सृजना गरीनेछ ।

**नीति : ७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

- प्रत्येक स्वास्थ्य संस्था, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गरीनेछ ।
- नगरपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निष्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीने छ ।
- तथ्याकंको गुणस्तरीयता, विश्वसनियता र सान्दर्भिकता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलीकृत गरीनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानवस्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृति संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न नगरपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने तथा अध्ययन र अनुसन्धान तथा अनुगमनका निष्कर्षहरुलाई प्राथमिकताका साथ योजना मार्फत कार्यान्वयन गरिनेछ ।

**नीति : ८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।**

- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीने छ ।
- स्वास्थ्य सेवालाई नगरपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यकता अनुसार स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।



सूर्य बहादुर थापा
नगर प्रमुख

○ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।
○ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ति विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रवर्द्धन गरिनेछ ।
○ सामुदायीक महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायीक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ ।

**नीति : ९ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

○ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रवर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरीनेछ ।
○ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।
○ सेवा प्रदायकलाई स्वास्थ्य सुचना प्रवाहमा जिम्मेवार वनाउदै सुचनामैत्री स्वास्थ्य संस्थाको विकास गरिनेछ ।
○ स्वास्थ्य सेवाग्राहीको सुचनाको गोपनियता र हकलाई सुनिश्चित गर्न कार्यवीधि बनाई लागू गरिनेछ ।
○ विद्यालय, क्याम्पस र पेशागत जोखिम अधिक हुने संस्थाहरुमा स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ ।
○ प्रमूख सार्वजनिक स्थलहरुमा विद्युतीय माध्यम मार्फत स्वास्थ्य सन्देशहरु प्रवाह गरिने छ ।

**नीति : १० स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ ।**

○ पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रर्वधन गर्न कृषि तथा पशु क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र पैरवी गरी स्थानीयस्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
○ संघीयस्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजना र कडा शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन (Integrated Management of Acute Malnutriiton-IMAM) कार्यक्रम लगायतलाई नगरपालिकाको परिवेश अनुकुल बनाई कार्यान्वयन गरीनेछ ।
○ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार (Incompatible food and drinks) सेवन र पत्रु खाना (जंक फुड) को बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरीनेछ ।
○ कुपोषित बालबालिकाहरुको समयमै पहिचान र व्यवस्थापन गर्न सबै स्वास्थ्य संस्थाहरुमा बहिरंग उपचार सेवा केन्द्र (Out-patient Therapetic Center-OTC) स्थापना गरी सेवा पद्रान गरिनेछ ।
○ कडा शीघ्र कुपोषित बालबालिकाहरुको पुनर्स्थापनाका लागि पालिकास्तरको पोषण पुनर्स्थापना गृह (Nutrition Rehabilitation Home-NRH) स्थापना, सुदृढिकरण एवं प्रभावकारी कार्यान्वयन गरीनेछ ।
○ दुध जन्य, मासु जन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक समन्वय गरिनेछ ।

**नीति : ११ आयूर्वेद तथा नगरपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य**



प्रमुख

सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई व्यबस्थित गरिनेछ।

- आधारभूत आयुर्वेद एंव बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा आवश्यक संस्थागत सरचनाको व्यवस्था गरीने छ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रमसंग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ।
- वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ।

**नीति : १२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।**

- खुला दिशामुक्त नगरपालिकालाई पूर्णसरसफाईयुक्त वडा हुदै नगरपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरीनेछ।
- नगरपालिकाभित्र पानी, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरीनेछ।
- पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अवस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी सञ्चालन गरीनेछ।
- सर्वब्यापी सावधानीको अवधारणालाई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा उचित किसिमले फोहोरमैला संकलन, प्रशोधन र विर्सजनको व्यवस्था गरीनेछ।
- किटनाशक बिषादीको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसंग समन्वय र सहकार्य गरीनेछ।
- पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसंग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ।
- व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरीनेछ।

**नीति : १३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ।**

- महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा नगरपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरीनेछ।
- नगरपालिका र वडास्तरिय स्वास्थ्य क्षेत्र आपतकालिन पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरीनेछ।
- सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिका स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन केन्द्र (Municipal Health Emergency Operation Centre) स्थापना गरी वडादेखि नगरपालिका तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरीनेछ।
- सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि र सामग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरीनेछ।
- नगरपालिका र वडास्तरिय द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) तथा संघीय र प्रादेशीक सरकारसंगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (Emergency Medical



सुर्य बहादुर शाही
नगर प्रमुख

Team-EMT) गठन गरी अन्य उद्दार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ ।

**नीति : १४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।**

- प्राकृतिक बिपत्ती, महामारी पिडीत र असहाय नागरिकहरुलाई आपतकालीन अवस्थामा औषधी उपचारमा सहयोग गर्नको लागि नगर प्रमुखको संयोजनमा एउटा "मेयर सहायता कोष" स्थापना गरिनेछ ।
- स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीनेछ
- पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।
- लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ ।
- नगरपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिशेष कार्यक्रम बनाई लागू गरिनेछ ।

**नीति : १५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।**

- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै नगरपालिकातहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा विस्तार गरीनेछ ।
- बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ ।
- गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।
- नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइनेछ ।
- पछाडि परेका वा पारिएका महिला (त्यसभित्र अन्तरनिहित अन्तरविविधता) सिमान्तकृत समुदाय, भौगोलिक अवस्थिति, विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरु, आर्थिक रूपले विपन्न वर्गको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने सवाललाई सम्बोधन गर्न नीति, कार्ययोजना, बजेट, अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण गर्दा अविभेद, समानता र समावेशिताको सिद्धान्तलाई सुनिश्चित गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

**नीति : १६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।**



सूर्य बहादुर थापा
नगर प्रमुख

- नगरपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समावेश गरिनेछ ।
- बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरिनेछ ।

**नीति : १७ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवंसमुदायमा विद्यमान अन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।**

- क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, हात्तीपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा बिस्तार गरिनेछ ।

**नीति : १८ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्यमहरुलाई निरुत्साहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।**

- स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहारविहार, योग र ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरिनेछ ।
- मुटुरोग, मधुमेह, मृगौला रोग, दीर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापन लागि Package of Essesntial Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।
- लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरिनेछ ।

**७. संस्थागत संरचना**

७.१ नीति कार्यान्वयनका लागि चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेखको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तर्गत सेवा प्रवाहका लागि लयाँटीबिन्द्रासैनी स्वास्थ्य चौकीलाई ५ शैया हुँदै १५ शैयाको प्राथमिक अस्पतालको रुपमा विकास गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु संग क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र बहिरंग उपचार सेवा तथा प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र र साामुदायीक स्वास्थ्य इकाई स्थापना र सुदृढिकरणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

सूर्य बहादुर शाही
नगर-प्रमुख

७.३ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न नगरपालिका तहमा निर्देशक समिति वा अन्य संयन्त्रको व्यवस्था गरिनेछ ।

७.४ नगरपालिकामा विद्यमान विविधतालाई मध्यनजर गरी स्वास्थ्य सम्बन्धी संरचनालाई समावेशी बनाउने र संविधानको धारा ३८ अर्न्तगत महिलाको समानुपातिक समावेशिताको मौलिक अधिकारलाई व्यवहारमा सुनिश्चित हुने व्यवस्था गरीने ।

## ८. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः चामुण्डाविन्द्रासैनी नगरपालिकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न चामुण्डाविन्द्रासैनी नगरपालिका सबै शाखाहरुको कार्यक्रम तथा बजेटसंग तालमेल मिलाई एकिकृत कार्य योजनाका साथमा सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । बजेट र स्रोत र साधनको परिचालन गर्दा लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा विनियोजन गरिनेछ । यो स्वास्थ्य नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । त्यसैले यस शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडासमितिहरु एवम् अन्य सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ । अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण गर्दा अविभेद, समानता र समावेशिताको सिद्धान्तलाई सुनिश्चित गर्ने गरी नीति बन्यो कि बनेन, बनेको अवस्थामा पनि त्यसभित्र अर्न्तनिहित सुधार गर्नुपर्ने के हो, त्यसको कार्यान्वयनको अवस्था, कार्ययोजनाले समतामूलक र समावेशीको सिद्धान्त अनुसार निर्माण भएको छ कि छैन, महिला लगायत सिमान्तकृत वर्गको स्वास्थ्य अवस्थामा पहुँचको अवस्थालगायत विषयमा लैङ्गिक उत्तरदायि अनुगमन र मूल्याङ्कनको व्यवस्था सुनिश्चित गर्ने ।

## १०. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि चामुण्डाविन्द्रासैनी नगरपालिकाले आवश्यक ऐन, निर्देशिका र कार्यविधी आदि तर्जुमा गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाईनेछ । त्यही योजना अनुसार बार्षिक योजना, कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## ११. जोखिम

राज्यको पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, चामुण्डाविन्द्रासैनी नगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, नगरपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । मानिसको चेतनास्तर न्युन हुनु, अशिक्षा,

हानिकारक मूल्य मान्यता, विद्यमान विभेद र असमानताको अवस्था आदी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न चामुण्डाबिन्द्रासैनी नगरपालिकाको स्वास्थ्य नीति-२०७७ को प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका जोखिमको न्युनिकरण गरिनेछ ।

१२ संशोधन

यस चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेखका सबै नगरवासीहरुलाई सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरी स्वस्थ र सक्षम नागरिक बनाउने उद्देश्यका साथ चामुण्डाविन्द्रासैनी नगरपालिकाको स्वास्थ्य नीति-२०७७ समयानुकुल संशोधन गर्न सकिनेछ ।

प्रमाणीकरण
नगर प्रमुख
सुर्य बहादुर शाही
चामुण्डाबिन्द्रासैनी नगरपालिका
मिती : २०७७ फागुन ७ गते